का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ कात्तिक २०८०,

बिहीबार

9 November 2023,

Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २८० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# विपद्मा जस लिने होड

प्रधानमन्त्री गएपछि पनि उपप्रधानमन्त्रीहरु, सत्तारुढ दलका नेताहरु प्रभावित क्षेत्र पुगिरहेका छन् । राष्ट्रपतिदेखि उपसभामुखसम्म प्रभावित क्षेत्रमा पुगे । प्रमुख विपक्षी एमाले छुट्टै कार्यक्रम लिएर जाँदैछ भने रास्वपा फिल्डमै छ । जबकी यस्तो बेला नेताको काम नीति बनाएर पीडितलाई सम्बोधन गर्नेमा हुनुपर्ने हो, जो भएको छैन ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २२ कात्तिक ।

नेकपा एमालेले जाजरकोट र रुकुमपश्चिममा गएको भूकम्पबाट प्रभावित क्षेत्रमा एक हजार स्वयंसेवक परिचालन गर्ने भएको छ ।

केन्द्रीय सचिवालय बैठकले आगामी १ मंसिरदेखि स्वयं सेवक परिचालन गर्ने निर्णय गरेको हो । एमाले नेता विष्णु रिमाल भन्छन्, ' एमालेको मुख्य ध्यान भुकम्प प्रभावितको सहज अवस्था कसरी बनाउने भन्नेमा छ । केही समय त्यसअनुसार एमालेका गतिविधि चल्नेछन् ।'

पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीका अनुसार एमाले स्वयं सेवकले पाँच हजार कार्य दिनमा एक करोड बढीको काम गर्ने योजना बनाएको छ । अर्थात, भुकम्पका बेला काम गरेको जस देखाउने र लिने होडमा एमाले औपचारिक निर्णय नै लिएर अगाडि बढेको छ । जबकी, सरकार एकीकृत प्रणालीद्वारा काम गर्ने भनिरहेको छ ।

सरकारमा रहेका दलहरुका व्यवहार पनि जस लिनेमा बढ्ता केन्द्रित छ । प्रधानमन्त्री गएपछि पनि उपप्रधानमन्त्रीहरु, सत्तारुढ दलका नेताहरु प्रभावित क्षेत्र पुगिरहेका छन् । राष्ट्रपतिदेखि उपसभामुखसम्म प्रभावित क्षेत्रमा पुगे । यही बेला जस लिने होडमा प्रमुख विपक्षी एमाले छुट्टै कार्यक्रम लिएर जान लागेको हो भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) फिल्डमै छ । जबकी यस्तो बेला नेताको काम नीति बनाएर पीडितलाई सम्बोधन गर्नेमा हुनुपर्ने हो, जो भएको छैन ।

रास्वपाका सभापति रवि लामिछाने त स्थानीय रेडियोबाट सूचना सम्प्रेषणको काम गरिरहेका छन् । भुकम्प प्रभावितको दिर्घकालीन बसोबास लगायतका विषयमा सरकारलाई खबरदारी गर्दै नीति बनाएर अगाडि बढ्नुपर्नेमा दलहरु प्रभावित क्षेत्र केन्द्रित भएका हुन् ।

सरकारी रेकर्ड अनुसार नै नेताहरुको प्रभावित क्षेत्र पुग्नेक्रम जारी छ । उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला, स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेत, प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना प्रभावित क्षेत्र पुगेर फर्किएका छन् । उनीहरुले आफू पुगेको क्षेत्रमा पुगेको फोटो आफैंले सामाजिक सञ्जालमा सेयर गरेका छन् । सरकारी रेकर्ड अनुसार उपप्रधान तथा रक्षामन्त्री पुर्णबहादुर खड्का तीनपटक सेनाको हेलिकोप्टरमा भूकम्प प्रभावित क्षेत्रमा पुगेका छन् । प्रधानमन्त्री प्रचण्डसँगै गएका ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्तिबहादुर बस्नेत र सांसद जनार्दन शर्मा निरन्तर प्रभावित क्षेत्रमै छ । विपदलाई अवसरको रुपमा लिएर एकीकृत बस्ती बसाल्ने, त्यसका लागि अध्ययन गर्ने लगायतक कार्य यसबेला हुन सक्छन् । अन्य मुलुकमा भएका अभ्यास र नेपालमै २०७२ सालमा गएको भुकम्प र त्यसबेला सरकारले गरेका कामको अनुभव छ । यसमा सांसद, नेता र दलहरुको भूमिका महत्वपूर्ण रहन्छ । तर, तत्काल प्रभावित क्षेत्रमा नपुगे जस नपाइने होडमा नेताहरु लागेका हुन् ।

## दैवी प्रकोप कोषमा ५ करोड ९५ लाख

प्रधानमन्त्री दैवी प्रकोप सहायता कोषमा पाँच करोड ९५ लाख रुपैयाँ जम्मा भएको छ । यो रकम गत आइतबारदेखि मंगलबार साँझसम्मको हो ।

जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पका पीडितलाई राहत सहयोगका लागि सरकारले देश र विदेशमा रहेका नेपालीलाई सहयोगका लागि अपिल गरेको थियो ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको आर्थिक प्रशासन शाखाका अनुसार मंगलबार साँझसम्म बैंकमा जम्मा भएको रकम ५ करोड ९५ लाख रुपैयाँ हो । सहयोगी दाताहरुबाट प्रधानमन्त्रीलाई हस्तान्तरण भएको चेक सम्बन्धित बैकमा क्लियरेन्सका लागि पठाइएको छ ।

भूकम्प पीडितलाई सहयोगार्थ सरकारी कर्मचारीको तलब कट्टा हुने भएको छ । मन्त्रिपरिषद्को निर्णय अनुसार सहसचिवदेखि मुख्यसचिवसम्मको तीन दिनको, शाखा अधिकृतदेखि उपसचिवसम्मको दुई दिनको र यस मुनिका तहका कर्मचारीको एक दिनको तलब कट्टा गरिने भएको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आर्थिक प्रशासन शाखा अनुसार तलब कट्टाका लागि सम्बन्धित कार्यालयहरुलाई मन्त्रालयमार्फत जानकारी गराइसकेका छ ।

# संघविरुद्ध मधेश प्रदेश

निरन्तर खबरदारी गर्दा पनि संघीयताअनुरुप अधिकार नपाएको र प्रहरीको समेत समायोजन नभएको भन्दै मधेश प्रदेश संघीय सरकारविरुद्ध एक्सनमा उत्रिन लागेको हो । चरणबद्ध आन्दोलन गर्नेदेखि अदालतमा मुद्दा हाल्नेसम्मका योजना प्रदेश सरकारको छ ।

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २२ कात्तिक ।

मधेश प्रदेश सरकारले प्रहरी समायोजन गर्नका लागि संघीय सरकारलाई ३० दिनको समय सीमा दिएको छ । अन्यथा, सैह्य नहुने चेतावनी दिइएको छ ।

बुधबार मधेस प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै ३० दिनभित्र प्रहरी समायोजन गर्न माग गरेका हुन् । प्रहरी समायोजन र निजामती कर्मचारी समायोजनको माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाइने उनले बताए । प्रहरी प्रशासन प्रदेश सरकार मातहतमा नआउँदा काम गर्न अप्ठ्यारो परेको बताए । उनले संघीय सरकारलाई प्रहरी समायोजन गर्नका लागि ३० दिनको समय सीमा दिइने र सो समयमा पनि समायोजन नभएमा चरणबद्ध आन्दोलन गर्ने बताए ।

'संघीय सरकारले प्रदेश सरकारलाई कानून बनाउनबाट जुन वञ्चित गरेको छ । अधिकार दिएको छैन । त्यसको निम्ति हामी बिहीबार प्रधानमन्त्रीज्यु कहाँ साढे १० बजे ज्ञापन पत्र बुझाउँदै छौं' उनले भने, 'प्रहरी प्रशासन अहिलेसम्म हाम्रो मातहतमा आएको छैन । जबकि संघले पनि प्रहरी ऐन बनाइसकेको छ तर कार्यान्वयनमा आएको छैन ।' उनका अनुसार निजामती ऐन लगायतका धेरै विषयहरु छन् । प्रदेशलाई हस्तान्तरण गरिएको छैन । जुन कारणले प्रदेश सरकारलाई काम गर्न अप्ठ्यारो छ । दबाब दिनको लागि ज्ञापन पत्र बुझाउन लागेको हो । ३० दिनभित्र कार्यान्वयन नभए केन्द्र सरकारविरुद्ध चरणबद्ध आन्दोलनतिर गर्ने उनको चेतावनी छ ।

यसअघि नै बागमती प्रदेश सरकारले संघीय सरकारविरुद्ध सर्वोच्च अदालतमा मुद्दा हालिसकेको छ । संविधानतः प्रदेशको एकल अधिकार सूचीमा सवारीसाधन कर, यातायात र प्रदेश लोकमार्ग रहेता पनि संघीय सरकारले आफू मातहत रहनेगरी ऐन पारित गरेको भन्दै बागमती प्रदेश सरकारले सर्वोच्च अदालतमा दायर गरेको मुद्दा बिचाराधीन छ । संघीय सरकारले यातायात व्यवस्थापन प्राधिकरण ऐन, २०७९ पारित गरेर राजपत्रमा पनि प्रकाशित गरेपछि प्रदेशले आइतबार रिट दायर गरेको हो ।



"प्रहरी प्रशासन अहिलेसम्म हाम्रो मातहतमा आएको छैन । जबकि संघले पनि प्रहरी ऐन बनाइसकेको छ, तर कार्यान्वयनमा आएको छैन ।

**सरोजकुमार यादव**
**मुख्यमन्त्री, मधेश प्रदेश**

बागमती प्रदेश सरकारले गत २७ भदौमा संघीय सरकारविरुद्ध सर्वोच अदालतमा रिट दायर गर्ने निर्णय गरेको थियो ।प्रदेश सरकारको अधिकार कटौती हुने गरी ऐन नबनाउन अनुरोध गर्दा पनि संघीय सरकारले राजपत्रमा प्रकाशन गरेपछि मुद्दा दायर गरिएको जनाइएको छ । संघीय सरकारले संघीयतामाथि अतिक्रमण गरेको प्रदेश सरकारको आरोप छ ।

यही बेला मधेश सरकार पनि संघीय सरकारविरुद्ध उत्रिन लागेको हो । निरन्तर खबरदारी गर्दा पनि संघीयता अनुरुप अधिकार नपाएको र प्रहरीको समेत समायोजन नभएको भन्दै मधेश प्रदेश संघीय सरकारविरुद्ध >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसियामा अवैधानिक कामदारलाई रोजगारीमा लगाउन जोडबल

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, २२ कात्तिक

विश्वका विभिन्न देश जस्तै मलेसियाले पनि हाल आर्थिक मन्दीको सामना गरिरहेको छ । आर्थिक मन्दीका कारण बजारबाट उपभोग्य सामग्री अर्डर नै कम आउने गरेको छ । व्यापारमा आएको सुस्तता अर्थात मन्दीले रोजगारदाताहरू विदेशी कामदारलाई तोकिएको न्यूनतम तलब दिन पनि समस्यामा छन् । तर धेरै मलेसियन रोजगारदाताहरू अझै पनि आफ्ना विदेशी कामदारहरूलाई छोड्न हिचकिचाइ रहेका छन् ।

मुख्यगरी साना र मझौला उद्यमहरूमा माग सिर्जना नभएको अवस्थामा पनि विदेशी कामदार टिकाइ राख्नुपर्ने बाध्यतामा उनीहरू रहेका छन् । साना र मझौला उद्यमहरूको प्रतिनिधित्व गर्ने मलेसियाको एशोसिएसन अफ मलेसिया (एसएमई मलेसिया) का अध्यक्ष डिङ होङ सिङले व्यवसाय बढेपछि कामदार पाउनका लागि चुनौती सामना गर्नुपर्ने बाध्यताले आर्थिक अवस्था कमजोर रहेपनि विदेशी कामदार रोजगारीमा राखिरहनुपर्ने बाध्यता रहेको बताउँछन् ।

उनले भने, 'आर्थिक अवस्था राम्रो नभएपनि धेरै व्यवसायीहरूले आफ्नो विदेशी श्रम कोटा गुमाउनबाट जोगिनका लागि आफ्ना अतिरिक्त कामदारहरूलाई अहिले स्वदेश फिर्ता नगर्न रुचाएका छन् । व्यवसायमा सुधार आइ थप कामदारको आवश्यकता परेमा कम्पनीहरूलाई फेरि नयाँ कामदार ल्याउन कठिनाइ हुन सक्छ । त्यसैले हाल कार्यरत कर्मचारीहरूको ओभरटाइम कटौती गरेर भएपनि टिकाइराख्नु बुद्धिमानी देखिएको छ ।'

मलेसियामा गत मार्चदेखि विदेशी कामदारको एप्रुभल दिइएको छैन । त्यसले मलेसियामा >>> पृष्ठ २ मा

### स्विट्जरल्याण्डले सुरक्षित आप्रवासनमा सहयोग बढाउने

**काठमाडौं / मस–** नेपालका लागि स्विट्जरल्याण्डका राजदूत डा डेनियल मेउली मोन्टेललेनेले नेपालको श्रम आप्रसनलाई सहजीकरण गर्न थप सहयोग दिने बताएकी छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीसँग बुधबार मन्त्रालयमा शिष्टचार भेटवार्ता गर्दै स्विट्जरल्याण्डका राजदूत डा मेउलीले उक्त जानकारी दिएकी हुन् । भेटमा आपसी द्विपक्षीय >>> पृष्ठ २ मा

# पहाड केन्द्रित अभियानमा एमाले

शहरी क्षेत्रमा नयाँ राजनीतिक शक्तिहरुप्रति आकर्षण देखिएका बेला नेकपा एमालेले मध्यपहाडी लोकमार्ग भएर विशेष अभियान सञ्चालन गर्ने निर्णय गरेको छ ।



यो देशलाई हामीले नै राम्रो बनाउन सकिन्छ । परिवर्तनका लागि लडेकाहरु हामी यहीं जनताको साथमा छौं भन्ने सन्देश हामीले दिनेछौं ।

**प्रदीपकुमार ज्ञवाली**
**उपमहासचिव, एमाले**



**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २२ कात्तिक ।

नेकपा एमालेले मध्य पहाडी क्षेत्र केन्द्रीत भएर विशेष अभियान चलाउने भएको छ । केन्द्रीय कार्यालय च्यासलमा बुधबार बसेको सचिवालय बैठकले विशेष अभियान चलाउने निर्णय गरेको हो । आगामी १४ मंसिरदेखि एमालेले झुलाघाटबाट सुरु गर्ने अभियान चिवाभञ्ज्याङ पुगेर सकिनेछ । यो अभियान चलाउनु अगाडि एमालेले उपमहासचिवद्वय प्रदीपकुमार ज्ञवाली र विष्णु रिमाललाई रुट अध्ययन गर्न पठाएको थियो । ज्ञवाली नेतृत्वको टोलीले >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२३ कातिक २०८०, बिहीबार
9 November 2023, Thursday

# भूकम्प पीडितलाई चीनको राहत



गण्डकी / मस – उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले चीन सरकारले भूकम्प पीडितका लागि प्रदान गरेको राहत सामग्री ग्रहण गरेका छन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा बुधबार आयोजित आपत्कालीन सहयोग हस्तान्तरण समारोहमा नेपालका लागि चिनियाँ राजदूत छन् सोङले चीन सरकारले प्रदान गरेका राहत सामग्री उपप्रधानमन्त्री श्रेष्ठलाई हस्तान्तरण गरेका हुन् । चीनले पीडितका लागि प्रदान गरेका उच्च गुणस्तरका ब्ल्याङ्केट, टेन्टलगायत सामग्री चीनको छेन्दु विमानस्थलबाट दुईवटा विमानमार्फत आज पोखरा विमानस्थलमा ल्याइएको हो ।

सहयोग हस्तान्तरण समारोहमा उपप्रधानमन्त्री तथा गृहमन्त्री श्रेष्ठले नेपाललाई संकट पर्दा जहिले पनि चीनबाट सहयोग प्राप्त हुने गरेको बताए । नेपाल र चीनबीचको इतिहासदेखिको सम्बन्ध सार्वभौमसत्ता, स्वतन्त्रता र पारस्परिक हितमा आधारित रहेको उनले बताए ।

'नेपालको आर्थिक विकाससँगै संकटको बेला जहिले पनि चीनले सहयोग गर्दै आएको छ । चीन सरकारले हामीलाई संकटका समयमा सहयोग र सहानुभूति प्रदान गर्दै आएको छ', उपप्रधानमन्त्री श्रेष्ठले भने, 'विसं २०७२ को भूकम्प, कोभिड महामारी र अहिले जाजरकोटमा गएको भूकम्पका बेला पनि चीन हामीसँगै छ ।' नेपालका लागि चिनियाँ राजदूत सोङले दुई देशबीचको सम्बन्ध मित्रताको रहेको जनाउँदै संकटमा पनि एकअर्कालाई सहयोग गर्दै अघि बढेको बताए । केही दिनअघि गएको भूकम्पबाट भएको क्षतिप्रति उनले दुःख व्यक्त गरे । 'दुःखको बेला नेपाली जनता र नेपाल सरकारसँग चीन साथमा छ,' उनले भने ।

## अल्वानीयामा एनसीसी गठन अध्यक्षमा आशिका वि.क

सुरेश भट्ट आश्रिन / मध्यान्ह
दोहा, २२ कात्तिक



अल्वानीयामा गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद (एनसीसी) गठन गरिएको छ । अध्यक्ष बिनोद कुँवरको अध्यक्षतामा हालै बसेको बैठकले डिसेम्बर २०२३ सम्म सबै देशहरुमा राष्ट्रिय महाधिवेशन सम्पन्न गर्ने निर्णय गरे अनुसार अल्वानीयामा एनसीसी गठन भएको हो ।

भेलामा एनआरएनए आइसीसी सचिव धर्मराज खतिवडा, एनआरएनए युरोप संयोजक (आरसी) उल्का घिमिरे, एनआरएनए एनसीसी क्रोयसीया सल्लाहकार दावा लामा लगायत अल्वानीयामा बसोबास गर्ने एनआरएनहरुको उपस्थिति रहेको थियो ।

भेलाले अध्यक्षमा आशिका वि.क, महासचिव आशुष पाठक र कोषाध्यक्षमा उर्मिला राइलाई चयन गरेको छ । अब मान्यताको पत्र पदानपछि एनआरएनए एनसीसी अल्वानीयाले बाँकी पदमा पूर्णता दिएर सदस्यता वितरण गर्दै छिट्टै अधिवेशनद्वारा नयाँ नेतृत्व समेत चयन गर्नेछ ।

## राजदेवी नगरपालिकामा थप एम्बुलेन्स खरिद

मध्यान्ह संवाददाता
रौतहट, २२ कात्तिक



रौतहटको राजदेवी नगरपालिकाले थप एक एम्बुलेन्स खरिद गरेको छ । नगरवासीलाई सेवा उपलब्ध गराउन सहज होस् भन्ने उद्देश्यले नगरपालिकाले सुविधा सम्पन्न एम्बुलेन्स खरिद गरेको हो ।

नगरपालिकामा पहिलादेखि नै एउटा एम्बुलेन्स रहेको र एउटा फेरि एउटा थपिएकोले सो नगरपालिकामा अब दुईवटा एम्बुलेन्स भएको छ । नगरपालिकामा रहेको एउटा एम्बुलेन्सले मात्रै जनताका सेवा उपलब्ध गराउन नसक्ने भएकाले महामारी, गर्भवती महिला लगायत आपतविपद्का पर्ने नागरिकलाई सहज रुपमा सेवा उपलब्ध गराउन अर्को एउटा एम्बुलेन्स थप गरिएको राजदेवी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रलव कायस्थले बताए ।

नयाँ खरिद गरिएको एम्बुलेन्स बुधबारबाटै सञ्चालनमा आएको प्रशासकीय अधिकृत कायस्थले बताए । नगरपालिकामा एम्बुलेन्स थप भएसँगै सेवा उपलब्ध गराउन सहज हुने विश्वास गरिएको उनले बताए । आफु निर्वाचित भए नगरपालिकामा एम्बुलेन्स थप गर्ने जनाएको चुनावी प्रतिबद्धता अनुसार एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याएको नगर प्रमुख भिखारी प्रसाद यादवले बताए । नगर क्षेत्रमा एउटा मात्र एम्बुलेन्स हुँदा बिरामीलाई स्वास्थ्य संस्थामा पुऱ्याउन समस्या भएपछि थप एम्बुलेन्स खरिद गरिएको नगर प्रमुख यादवले बताए । नगरपालिकाभित्रका बिरामीलाई केही प्रतिशत छुट दिने नगरपालिकाले बताएको छ । नगरपालिकामा अब दुईवटा एम्बुलेन्स सञ्चालनमा आएपछि नगरवासी खुसी हुँदै नगर प्रमुख यादवलाई खुलेर प्रशंसा गरेका छन् ।

### संघविरुद्ध...

एक्सनमा उत्रिन लागेको हो । चरणबद्ध आन्दोलन गर्नेदेखि अदालतमा मुद्दा हाल्ने सम्मका योजना प्रदेश सरकारको छ ।

### मलेसियामा...

ठूलादेखि मध्यमस्तरका रोजगारदाता विदेशी कामदार अभावले व्यवसाय सञ्चालनको समस्यामा छन् । विदेशी कामदारहरू भने आफूहरूलाई स्वदेशमा बाचा गरिएअनुसार हाल मलेसियामा ओभरटाइम अर्थात अतिरिक्त समय काम नदिएको र त्यसले आफ्नो आम्दानी घटेको गुनासो गरिरहेका छन् । कतिपयले ओभरटाइम अर्थात अतिरिक्त समय काम नपाउँदा मलेसिया जाँदा भर्ना प्रक्रियामा गरेको खर्च ६ महिनाको तलबबाट पनि उठाउन नसकेको बताउने गरेका छन् ।

मलेसियाका मानव संशाधन मन्त्री वी. शिवकुमारले मंगलबार त्यहाँको संसदमा थप १ लाख ५० हजार विदेशी कामदार छिट्टै मलेसिया आउने जानकारी दिएका छन् । मलेसियामा नयाँ वैदेशिक कामदार आयात गर्नुको सट्टा सरकारले बढी जनशक्ति भए क्षेत्रलाई नियन्त्रण गर्न र मुलुकभित्र रहेका अवैधानिक अवस्थामा बसेका विदेशी कामदारलाई वैधानिकता दिनुपर्ने आवाज पनि सशक्तरूपमा उठेको छ । मानव संशाधन मन्त्री वी. शिवकुमारले नयाँ कामदारको एप्रुभल दिनुभन्दा स्वदेशमै अवैधानिक अवस्थामा रहेका कामदारलाई वैधानिकता दिइ रोजगारीमा पठाउने प्रस्तावमा आफू सहमत भएको बताएका छन् । 'सरकारले धेरै विदेशी कामदार भएका क्षेत्रहरूको पहिचान गर्न र पुनः क्यालिब्रेसन कार्यक्रममार्फत उनीहरूको स्थिति आधिकारिक बनाउन व्यापक पुनर्मूल्यांकन गर्नुपर्छ,' उनले भनेका छन् ।

मलेसियामा कतिपय सांसदहरूले देशभित्रै लुकीछिपी बसेका विदेशी कामदारहरूलाई वैधानिकता दिएर काममा लगाउँदा कामदारहरूलाई पुनः तालिमको आवश्यकता नपर्ने र भर्नाको लागत कम हुने बताएका छन् । हाल मलेसियामा वैधानिक तथा अवैधानिक हैसियतमा ३५ लाख बढी विदेशी अर्थात आप्रवासी कामदार रहेको अनुमान छ । त्यसमा ५ लाखभन्दा बढी नेपाली कामदार रहेको आंकलन छ ।

### स्विट्जरल्याण्डले...

हितका विविध विषयमा छलफल भएको श्रम मन्त्रालयले जनाएको छ । मन्त्री भण्डारीले स्वीस सरकारले नेपाल श्रम आप्रवासासँगै विभित्र क्षेत्रमा गर्दै आएको सहयोगका लागि धन्यवाद व्यक्त गरे । हाल नेपालमा स्विट्जरल्याण्ड सरकारको सहयोगमा सुरक्षित आप्रवासन कार्यक्रम (सामी)लगायतका परियोजना सञ्चालित छन् । राजदूत मोन्टेललेने केही समयअघि मात्रै नेपाल आएकी हुन् ।

### पहाड...

धादिङदेखि पूर्वका रुट र रिमाल नेतृत्वको टोलीले पश्चिम रुटको अध्ययन गरेका थिए ।

बुधबारको बैठकमा ज्ञवाली र रिमालले अभियान चलाउन सकिने प्रतिवेदन सुनाएका थिए । त्यही आधारमा एमाले सचिवालय बैठकले मध्य पहाडी लोकमार्क केन्द्रीत अभियान चलाउने निर्णय गरेको हो । अभियानबारे थप निर्णय आगामी केन्द्रीय कमिटी बैठकले गर्ने भएको छ ।

उपमहासचिव ज्ञवालीले दिएको जानकारी अनुसार, ६ मंसिरमा बस्ने केन्द्रीय कमिटी बैठकले अभियानबारे आवश्यक निर्णय गर्नेछ । त्यो बैठक काठमाडौमा बस्ने भएको छ । यसअघि धनगढीमा केन्द्रीय कमिटी बैठक राख्ने एमालेको तयारी थियो ।

'धनगढीमा बैठक राख्दा समय लाग्ने भएकाले काठमाडौंमै बोलाइएको हो । यो बैठकले अभियानबारे निर्णय गर्नेछ', ज्ञवालीले भने । ज्ञवालीका अनुसार, अभियानको मुख्यगरी चार वटा उद्देश्य रहेको छ । पहिलो उद्देश्य भनेको पहाडी क्षेत्रको समृद्धि हो ।

एमालेले मध्य पहाडी क्षेत्रको विकासमा जोड दिन यो अभियानबाट सहयोग पुग्ने लक्ष्य लिएको छ । दोस्रो उद्देश्यमा सामाजिक सद्भाव र राष्ट्रिय एकता भनेको छ । अहिले सामाजिक सद्भाव खल्बल्याउने प्रयास भएकाले मध्यपहाडी लोकमार्ग भएर चल्ने अभियानबाट मुलुकको एकता जोगाउन सहयोग पुग्नेछ ।

तेस्रो उद्देश्यमा चाहिँ एमालेले नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७५औं वर्ष उत्सव मनाउने रुपमा लिएको छ । यसअघि नै एमालेले नेकपा स्थापनाको ७५औं वर्षको अवसरमा पुस्तक प्रकाशन सहित गतिविधि गर्ने निर्णय गरिसकेको छ । चौथो उद्देश्य नागरिकमा उत्साह ल्याउने भएको उपमहासचिव ज्ञवालीले बताए ।

'अहिले मुलुकमा केही भएको छैन र हुँदैन भन्ने सन्देश गइरहेको छ । हामी त्यसलाई चिर्न गइरहेका छौं', ज्ञवालीले भने । यसबाहेक एमालेले भूकम्प केन्द्रीत निर्णय गरेको छ । जाजरकोट केन्द्र भएर गएको भूकम्पका पीडितहरुलाई राहत वितरणमा प्रभावकारिता ल्याउन एमालेले सरकारको ध्यानाकर्षण गराएको छ । सँगै, भूकम्प प्रभावित क्षेत्रमा एमालेले एक हजार स्वयम्सेवक परिचालन गर्ने निर्णय पनि गरेको छ । एमालेका स्वयम्सेवकहरुले पाँच हजार कायै दैनिकमा एक करोड बराबरको काम गर्ने ज्ञवालीले बताए । यो कामको संयोजन कर्णाली प्रदेश कमिटीले गर्नेछ ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
## स्वास्थ्य सेवा कार्यालय
दैलेख, नेपाल

### राशन खुवाउने कार्यको शिलबन्दी बोलपत्र आह्वान

**प्रथम पटक प्रकाशित मितिः २०८०/०७/२३ गते**

दैलेख जिल्ला अस्पतालको अन्तरङ्ग बिभाग (ईन्डोर शाखामा भर्ना भई उपचार गराउने बिरामीहरुको लागि) मिति २०८० साल माघ १ गते देखि लागु हुने गरि मिति २०८१ पौष मसान्त सम्मको लागि राशन खुवाउने कार्यको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तोकिएको राशन खुवाउन ईच्छुक इजाजत प्राप्त फर्मले रु. १० को टिकट टाँसी निम्न शर्तको अधिनमा रहि रित पुर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सिलबन्दी बोलपत्र आह्वानको सुचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक इजाजत प्राप्त फर्मले बोलपत्र फाराम प्रत्येकको पछि फिर्ता नहुने गरी रु. ३०००।- (तीन हजार) तिरी सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिन भित्र स्वास्थ्य सेवा कार्यालय, दैलेख, प्रदेश लेखा इकाई कार्यालय, दैलेख र जिल्ला प्रशासन कार्यालय, दैलेखबाट सिलबन्दी बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराम खरिद गर्दा अध्यावधिक नविकरण भएको फर्मको इजाजत प्राप्त पत्र, आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर दर्ता भएको प्रमाण पत्र, आ.ब. २०७९/८० सम्मको कर चुक्ता प्रमाण पत्र (कर चुक्ता नभएमा म्याद थपको पत्र) र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । बोलपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यबसायी सम्बन्धी कसुर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र समेत सिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्ने छ । कालोसूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीको सञ्चालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहनेगरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा निज आफै वा निज समेतको नाममा भैरहेको अर्को फर्म, संस्था वा कम्पनीले बोलपत्र पेश गर्न पाइने छैन ।
३. खरिद भएका बोलपत्रहरु रित पूर्वक भरि आवश्यक कागजातहरु संलग्न राखी सहिछाप गरि सिलबन्दी गरि खामको बाहिर व्यक्ति वा फर्मको पुरा नाम, ठेगाना, कामको विवरण स्पष्ट लेखि ३१ (एक्कतीस) औं दिनको १२:०० बजे भित्र स्वास्थ्य सेवा कार्यालय, दैलेखमा दर्ता गराउनु पर्नेछ । अन्यथा मान्यता दिईने छैन। दर्ता भएका सम्पूर्ण शिलबन्दी बोलपत्र ठेकेदार वा निजको आधिकारीक प्रतिनिधिहरुको र कार्यालयको प्रतिनिधीहरुको रोहबरमा सोहि दिनको २:०० बजे खोलिने छ। बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
४. बोलपत्र साथ धरौटी वापत तपशिलमा उल्लेखित रकम प्रदेश लेखा इकाई कार्यालय, दैलेखको राष्ट्रिय बाणिज्य बैंक शाखा दैलेखमा रहेको धरौटी खाता नं.४०१०१००२०२०३०००० मा जम्मा गरेको भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० (एक सय बीस) दिन म्याद भएको बिड बण्ड संलग्न हुनुपर्नेछ । नगद लाई मान्यता दिईने छैन ।
५. शिलबन्दी बोलपत्र साथ चामल, मिश्रित दाल, आलु, तेल तोरीको, अण्डा, आयोडिन नुन, मिश्रित मसला र बिष्कुष्टको नमूना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ अन्यथा उक्त बोलपत्रलाई मान्यता दिईने छैन।
६. ठेक्का अवधी भर कुनै पनि मुल्य वृद्धि दिईने छैन ।
७. सिलबन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्न र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुनेछ ।
८. सिलबन्दी बोलपत्रमा अङ्ग र अक्षर दुबैमा प्रष्ट सँग लेखिएको हुनुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा अनिवार्य सहिछाप भएको हुनुपर्नेछ ।
९. नियमानुसार लाग्ने कुनै पनि कर, दस्तुरहरु ठेकेदार स्वयंमले ब्यहोनु पर्नेछ ।
१०. म्याद नाघी वा रित नपुगी वा कुनै शर्त राखि पेश हुन आएको शिलबन्दी बोलपत्र उपर कुनै पनि कारबाही गरिने छैन।
११. बोलपत्र सम्बन्धी सूचनामा कुनै संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।
१२ प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार राशन व्यवस्थापन समितिमा सुरक्षित रहनेछ ।
१३. सिलबन्दी बोलपत्र दाताले लागत अनुमान भन्दा १५ प्रतिशत सम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेमा कबुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमको घटी कबुल गरेको छ सो को ५० प्रतिशत हुन आउने रकम कबुल अङ्कको ५ प्रतिशत थप गरी कार्य सम्पादन जमानत राख्नु पर्नेछ ।
१४ यस सूचनामा लेखिएको हकमा यसै सूचना बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन,
१४. २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।
१५ शिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सर्म्पक राख्न सकिनेछ ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | विवरण | लागत अनुमान (मु.अ.कर बाहेक) (रु.) | विडबण्ड रकम (रु.) | बोलपत्र करिब दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | २/०८०/०८१ | दैलेख जिल्ला अस्पतालको अन्तरंग बिभाग (ईन्डोर शाखामा भर्ना भई उपचार गराउने बिरामीहरुको लागि) मिति २०८० साल माघ १ गते देखि लागु हुने गरि मिति २०८१ पौष मसान्तको लागि राशन खुवाउने कार्य । | २६,४२,३७३/६९ | ६६१००/- | ३०००/- |

**नि. स्वास्थ्य सेवा व्यवस्थापक**
**स्वास्थ्य सेवा कार्यालय, दैलेख**

## Geruwa Rural Municipality
## Office of the Rural Municipal Executive
**Pashupatinagar,Bardiya**

### Invitation of Bids

**Date of Publication:- 2080/07/23**

1. The Geruwa Rural Municipality invites electronic bids from eligible bidders for the following works.

| S.N | Contract ID no | Description of works | Bid Security Amount (Nrs) | Bid Security Validity Period | Average Annual Construction Turnover (Nrs) | Bid Capacity (Nrs) | Financial Resources | Contract of Similar Size and Nature | Bid Document Fee (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | W/GRM/NCB/02/2080-81 | Khonpur Samuha ghar dekhi mainapokhar jane sadak kalopatre | 8,00,000/- | 120 days after Bid opening Date | 4,00,00,000/- | 3,00,00,000/- | 1,50,00,000/- | Any Black Top Road of Quality equal or Higher than Premix Carpeting , At least One Number and Value of 1,50,00,000/- | 5,000/- | NCB, Single Stage Two Envelope |
| 2 | W/GRM/NCB/03/2080-81 | Satmore dekhi budhikulo corridor hudai kholtibazar jane sadak kalopatre | 8,50,000/- | 120 days after Bid opening Date | 4,25,00,000/- | 3,30,00,000/- | 1,70,00,000/- | Any Black Top Road of Quality equal or Higher than Premix Carpeting , At least One Number and Value of 1,65,00,000/- | 5,000/- | NCB, Single Stage Two Envelope |

2. Only Electronics bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 12:00 PM 2080-08-24 and bid shall be opened on the same date at 1:00 PM. Elligible bidders may obtain further information from Geruwa RM and email:- geruwamun@gmail.com/contact:-9868252424,9858038124 or may visit PPMO website www.bolpatra.gov.np/egp. bidders should deposit the cost involves in the projects account as specified below.

| Bank | Revenue Account | office code | Revenue Heading | Dharauti Account |
|---|---|---|---|---|
| Nepal Investment Mega Bank Ltd, Geruwa Branch | 17201400000109 | 056-365-17 | 801810 | 17201400000062 |

**Chief Administrative Officer**

QATAR मा रोजगार
कम्पनी : MARKO CHICKEN RESTAURANT
शहरः Qatar, Doha

पूर्व स्वीकृत मितिः २०८०/०७/२२ चलानी नं.: ६०२०९९५६ LT. No.: 294847

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० कार्तिक ३० गते (16 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

युरो क्रस ईन्टरनेशनल प्रा.लि.
श्रम इजाजत नं. ९९५/०६८/०६९ एयरपोर्ट, काठमाडौं, नेपाल, फोन नं: ४५८५८८३
Mob: ,9823703422, 9801101353

KUWAIT मा रोजगार
कम्पनीः THE PLASTICS CO LTD
शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०७/२२ चलानी नं.: ६०२०९९५५ LT. No.: 294866

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour/helper/worker | 99 | 0 | स. काममा दक्ष | 105 | ४५,१८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक ३० गते (16 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

# पूर्वसांसद आलमको मुद्दामा १५ दिनभित्र बहस नोट पेश गर्न आदेश

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट,२२ कात्तिक

इँटाभट्टामा जिउँदै जलाएर व्यक्ति हत्या गरेको अभियोगमा जेल सजाय काटिरहेका नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री मोहम्मद आफ्ताब आलमको मुद्दामा सुनुवाइ जारी छ।

बुधबार पनि जिल्ला अदालत रौतहटमा यो मुद्दामा सुनुवाइ भयो। बुधबार अदालतले यो मुद्दाको गम्भीरता र जटिलता विचार गरी सरकार र आलमका वकिलहरूलाई १५ दिनभित्र बहस नोट लिएर आउन आदेश दिएको छ। मंगलबारदेखि शुरू भएको बहसपछि जिल्ला न्यायाधीश बाबुकाजी बानियाले मुद्दामा वादी पक्ष तथा प्रतिवादी पक्षबाट बहस गरेका कानून व्यवसायीहरुलाई बहस नोट पेश गर्न आदेश दिएको रौतहट जिल्ला अदालतका श्रेस्तेदार उद्दव ढोडारिले मध्यान्हलाई जानकारी दिए।

सरकारका तर्फबाट जिल्ला न्यायधिवक्ता लगायतका ४ जना कानून व्यवसायीहरुले आलमको विपक्षमा अभियोग दावी अनुसारको सजायको माग दावी गर्दै बहस गरेका थिए।

प्रतिवादी बनाइएका आलमको पक्षमा अधिवक्ताहरु मोहमद साविर हुसैन, संजीव कुमार मल्लिक, लालबाबू राय यादव, अनन्त अधिकारी, मोहमद आफताव आलम, अजय पटेलले बहस गरेका थिए।

२०६४ सालको पहिलो संविधान सभाको निर्वाचनको बेला मतदानको पूर्व सन्ध्या



२०६४ चैत्र २७ गते भएको बम बिस्फोटमा परी मृत्यु भएका र घाइते भएकालाई इँटाभट्टामा जलाएर हत्या गरिएको दावी गर्दै नारायण सिंहले दिएको जाहेरीको आधारमा आलमसहित ११ जनामाथि बम बिस्फोट तथा कर्तव्य ज्यानको मुद्दा दायर भइ कारबाहीको अवस्थामा रहेको छ। प्रतिवादी पक्षका कानून व्यवसायीहरुले बहस गर्दै अभियोग पत्रमा मृत्यु भएको ओसी अख्तर र पिंटू भनिने त्रिलोक प्रताप सिंहको कुनै प्रमाण अनुसन्धानको क्रममा पेश नगरिएको जिकिर समेत गरेका छन्।

कानून व्यवसायीहरुले अभियोग पत्रको प्रिष्ट २३ मा २ जना बाहेक दर्जनभन्दा बढी व्यक्तिको मृत्यु भएको दाबी गरिएको भएपनि नाम उल्लेख किन गर्न नसकेको भन्दै प्रश्न गरेका थिए।

ओसी अख्तरको ससुरा, श्रीमतीले बम बिस्फोट हुनु भन्दा अगाडि विदेश गएको र अहिलेसम्म कुनै सम्पर्क नरहेको भनि बकपत्र समेत गरेको अवस्था रहेको छ। पिंटू भनिने त्रिलोक प्रताप सिंह रौतहट जिल्ला अदालतबाट २०६५ वैशाख महिनामा भएको अपहरण तथा शरीर बन्धक मुद्दामा फरार अभियुक्त घोषित गरिएको प्रमाण समेत प्रस्तुत गरेका छन्।

## स्रोत नखुलेको २६ लाखसहित दुई जना पक्राउ

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिका-२४ इन्द्रचोकबाट स्रोत नखुलेको नगद रु २६ लाख ५७ हजारसहित दुई जनालाई प्रहरीले पक्राउ गरी बुधबार सार्वजनिक गरेको छ। पक्राउ पर्नेमा बर्दिया गेरूवा गाउँपालिका-२ घर भइ हाल काठमाडौं जडिबुटी बस्ने २८ वर्षीय पुष्प सोडारी र काठमाडौं महानगरपालिका-१० बिजुलीबजार बस्ने ३९ वर्षीय अभिषेक अग्रवाल रहेका छन्। प्रहरी वृत्त जनसेवाबाट खटिएको प्रहरीले सोडारीलाई सो रकमसहित पक्राउ गरी थप अनुसन्धान गरिरहेको छ। उक्त रकम अभिषेकबाट लिएको भनी खुल्न आएपछि उनलाई समेत प्रहरीले पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

यसैबीच काठमाडौं महानगरपालिका-११ थापाथलीस्थित सडक पेटीमा रहेको ह्विलचेयरमा रौतहट चन्द्रपुर नगरपालिका-२ वेताउना घर भई हाल काठमाडौं थापाथली बस्ने ३५ वर्षीय नारायण राम मृत अवस्थामा फेला परेका छन्। बर्दिया, बाँसगढी नगरपालिका-२ रामनगर टोल बस्ने ४१ वर्षीय रामभागीरथ थारू सोही ठाउँस्थित खेतमा मंगलबार मृत अवस्थामा फेला परेको प्रहरी प्रधान कार्यालयले जनाएको छ। जंगली जनावरको लागि थापेको विद्युतीय धरापमा परी करेन्ट लागि मृत्यु भएको भन्ने बुझिएको प्रहरी समाचार बुलेटिनमा उल्लेख छ। प्रहरीले घटनाका विषयमा सोधपुछका लागि सोही ठाउँ बस्ने एक जनालाई नियन्त्रणमा लिएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# भूकम्प पीडितलाई सात दिनको तलब

**काठमाडौं/मस-** सर्वोच्च अदालतले जाजरकोट भूकम्पपीडितलाई आर्थिक सहयोग गर्ने भएको छ।

प्रधानन्यायाधीशको अध्यक्षतामा बुधबार बसेको पूर्ण बैठकले प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीशहरूले सात दिनको तलब भूकम्पपीडितलाई दिने निर्णय गरेको हो।

यही कात्तिक १७ गते गएको भूकम्प र सोपश्चात् गएका परकम्पसमेतबाट पीडित परिवारको सहयोगार्थ उक्त रकम उपलब्ध गराउने निर्णय गरेको हो।

बैठकले उच्च अदालतका न्यायाधीशको पाँच दिन, जिल्ला अदालतका न्यायाधीशको तीन दिन, राजपत्राङ्कित विशिष्ट र प्रथम श्रेणीका अधिकृतको तीन दिन, अन्य अधिकृतस्तरका कर्मचारीको दुई दिन र सहायकस्तरका कर्मचारीको एक दिन बराबरको तलब स्वेच्छिकरूपमा उपलब्ध गराउने निर्णय गरेको छ।


"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै बिन्ति गरुन झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो,"

**हार्दिक श्रद्धाञ्जली**



जन्म मितिः
वि.स. १९८८/०१/१२

स्वर्गारोहणः
वि.स. २०८०/०७/११

स्वः भोजराज गौतम

यस प्रा.लि. का सञ्चालक श्री शम्भु गौतम तथा सञ्चालक सरोज गौतमका पुजनीय पिता वरिष्ठ ज्योतिष एवम् समाजसेवी

**भोजराज गौतमको**

यही कात्तिक ११ गतेका दिन भएको असामयिक निधनले हामीलाई स्तब्ध बनाएको छ। स्व. भोजराज गौतमको असामयिक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा स्व. गौतमप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं।

Govt Lic. NO. 647/063/064
**स्यारोन म्यानपावर सर्भिसेस प्रा.लि. परिवार**
महाराजगञ्ज-४, कपनमार्ग काठमाडौं



**वनगाड कुपिण्डे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**देवस्थल, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आसय सम्बन्धी सूचना**

**मितिः २०८०/०७/२३**

यस कार्यालयबाट मिति २०८०/०६/११ गतेको सूचना अनुसार पेश भएका विद्युतिय खरिद बोलपत्रको प्राविधिक तथा आर्थिक मूल्यांकन प्रश्चात तपशिल बमोजिमका प्रस्तावहरु सारभुत रुपमा प्रभावग्राही तथा न्यूनतम मूल्याकिंत रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

| क्र.स | कामको विवरण | कार्यको नाम | निर्माण कम्पनी | मू.अ.क बाहेकको कबोल अंक |
|---|---|---|---|---|
| १. | BAKUNAPA/NCB/ WORKS-13-2080/081 | Upgradng of Nathekhola Bajhakot Sahitgate Road | MB Builders, Karkigaun-06, Jajarkot | ५५,१५,८५२।०५ |
| २. | BAKUNAPA/NCB/ WORKS-14-2080/081 | Construction of Majhkharka Sallekharka Khuti Durumkhola Road | Bhandari Construction Sharada-15, Salyan | १७,७७,७७७।५७ |

**प्रमुख प्रशासकिय अधिकृत**



**भावपूर्ण श्रद्धाञ्जली**



जन्म मितिः
१९९६ /०२/०२ गते

स्वर्गारोहण मितिः
२०८० कार्तिक ११ गते

स्व. तेज कुमारी शेरचन

हाम्रा शुभेच्छुक हिट ओभरसिज इम्प्लोइमेन्ट प्रा.लि.का सञ्चालक हिक्मत शेरचनको ममतामयी माता

**तेज कुमारी शेरचनको**

असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सीतादेवी श्रेष्ठ
प्रकाशक
तथा
मदनकुमार श्रेष्ठ
सम्पादक
मध्यान्ह दैनिक
परिवार



**भावपूर्ण श्रद्धाञ्जली**



जन्म मितिः
१९८८ बैशाख १२ गते

स्वर्गारोहण मितिः
२०८० कार्तिक ११ गते

स्व. भोजराज गौतम

हाम्रा शुभेच्छुक स्यारोन मेनपावर सर्भिसेस प्रा.लि.का सञ्चालक शम्भु गौतम तथा सञ्चालक सरोज गौतमका पिता बरिष्ठ ज्योतिष तथा समाजसेवी

**भोजराज गौतमको**

असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सीतादेवी श्रेष्ठ
प्रकाशक
तथा
मदनकुमार श्रेष्ठ
सम्पादक
मध्यान्ह दैनिक
परिवार



Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
**Federal Highway Supervision and Monitoring Office, Surkhet**
**Road Division Pyuthan**
Jaspur Pyuthan

**Invitation for Bids**

**Invitation for Bid No: 04-080/81**
**Date of publication: 2080/07/23 ( 2023 November 9 )**

**Road Division, Pyuthan** invites Open Competitive Bidding from eligible Nepali bidders for the construction of following works under National Bidding procedures.

| SN | Contract Number | Name of Works | Estimate Amount (NRs) (Excluding VAT ) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Required turnover (NRs.) | Required Bid Capacity (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | RDPTN/ 337310113/ 080/81-13 | Road Specific Maintenance works along Ganaha-Chakchake-Khalanga &Chakchake-Liwang-Darbot Road in Pyuthan and Rolpa District. | 3,786,513.42 | 95,000.00 | 3000 | NA | NA |
| 2 | RDPTN/ 337310113/ 080/81-14 | Rehabilitation and upgrading Works along Khalanga-Chujathati-Sandhikharka Road in Pyuthan District. | 3,889,036.54 | 97,000.00 | 3000 | NA | NA |
| 3 | RDPTN/ 337310113/ 080/81-15 | Upgrading of Road along Khalanga-Chujathati-Sandhikharka Road in Pyuthan District. | 6,400,940.77 | 160,000.00 | 3000 | NA | NA |
| 4 | RDPTN/ 337310113/ 080/81-16 | Upgrading of Road along Damti-Chautara Dekhi Bhedabari hudai Tikhichuli Road in Pyuthan . | 7,696,752.02 | 192,000.00 | 3000 | NA | NA |

**Purchase, Submission and Opening:**

| S.N. | Last Date Of Bid Submission | Bid Opening Date, Time & place | Pre-Bid Meeting | Bid Validity Period | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 2023/12/11 (AD) 2080/08/25 (BS) upto 12:00 hours | 2023/12/11 (AD) 2080/08/25 (BS) 13:00 hours, Road Division Pyuthan | 2023/11/26 (AD) 2080/08/10 (BS) 11:00 hrs at office address | 90 days from bid submission due date | Minimum 30 days beyond bid validity period | |

Eligible Bidders may visit **PPMO's website www.bolpatra.gov.np/ppmo e-procurement section** for further information or contact **Road Division Pyuthan** at **Email:-drofficepyuthan@gmail.com.**

**Division Chief**





मध्यान्ह
www.madhyanhadaily.com
२३ कात्तिक २०८०, बिहीबार
9 November 2023, Thursday

## सम्पादकीय

# खेलकुद नबुझ्ने सरकार

दश वर्षपछि टी–२० विश्वकपमा नेपाल छनोट भएपछि सरकारले क्रिकेटर र क्रिकेटको विकासमा तदारूकता देखाएको सन्देश जानेगरी केही निर्णय लिएको छ । त्यसमा क्रिकेटरलाई पुरस्कारदेखि त्रिभुवन विश्वविद्यालयको अन्तर र्राष्ट्रिय क्रिकेट मैदानमा फ्लडलाइट जडानको ठेक्का समेत छन् । पहिले घोषणा गरेर पनि नपाएको खेलाडीको पुरस्कार रकम निकासा, राष्ट्रिय खेलकुद परिषद्को सिफारिसमा नयाँ पुरस्कार घोषणालाई अगाडि बढाएर सरकारले क्रिकेटप्रति गम्भीर रहेको सन्देश दिन खोजेको देखिन्छ । तर बिगतका नजीरले भने सरकारको तदारूकताप्रति विश्वास गरिहाल्ने अवस्था छैन । किनभने यसअघि पनि ठूलो प्रतियोगिता जितिरहँदा क्रिकेट मैदानमै पुग्ने अनि क्रिकेटरलाई आफ्नै निवास बोलाएर प्रतिबद्धता जनाउने, तर प्रतिबद्धता अधुरै छोड्ने गरेको अनेक उदाहरण छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै कुरा गर्दा पनि गएको चैतमा आफै कीर्तिपुर पुगेर फ्लडलाइटको काम तत्काल अगाडि बढाउने बताएका थिए । तर टी–२० क्रिकेटको विश्वकप नेपाल छनोट भएपछि प्रधानमन्त्री कीर्तिपुर पुग्दा अघिल्लोपटक गरेको प्रतिबद्धता अधुरै थिए ।

जबकी त्यसबीचमा क्रिकेटरहरूले घोषणा भएको पुरस्कार समेत नपाएको गुनासो धेरैपटक सञ्चार माध्यम र सामाजिक सञ्जालहरूमा देखिएको थियो । तर त्यसतर्फ चासो समेत नदिएका प्रधानमन्त्री नेपाली क्रिकेटमा आमसाधरणको आकर्षण देखेपछि दौडिएर कीर्तिपुर पुगे । फर्किएर 'बम्पर उपहार' शैलीमा क्रिकेट केन्द्रीत निर्णय गरिरहेका छन् । तर विडम्बना ! अहिलेकै निर्णयहरू कार्यान्वयनले समयमा सार्थकता पाउने कुनै आधार छैन । जबकी दोस्रोपटक विश्वकपमा पुगेर मात्रै नभएर यसअघि अरू थुप्रै प्रतियोगिता जितेर नेपाली क्रिकेटर देशको नाम संसारमा चिनाइरहेका छन् ।

अझ राष्ट्रिय एकताको सन्देश पनि क्रिकेट अहिले मुख्य खेल बनिरहेको छ । त्यो भनेको मुलुकका अरू निराशाजनक भइरहँदा क्रिकेटले नेपालीमा उत्साह भरिरहेको छ । यस्तो बेला सरकारले क्रिकेटको दीर्घकालीन विकासमा जोड दिन आवश्यक छ । तर सरकारले क्रिकेटको नियत क्रिकेटको विकास भन्दा पनि त्यसमा देखिएको आकर्षणको लाभ उठाउने रहेको टिप्पणी गर्नु विगतका अनुभवले पर्याप्त आधार दिन्छ । किनभने जब फुटबलको आकर्षण थियो, त्यसबेला फुटबल विकासमा सरकार केन्द्रीत रहेको प्रतिबद्धता सुनिन्थ्यो । तर फुटबलको विकासमा आवश्यक ध्यान नपुग्दा अहिले राष्ट्रिय फुटबल टीम धरायसी बनेको छ । क्रिकेटको विकासमा पनि सरकारको ओठे प्रतिबद्धता हुन थालेको सहजै बुझ्न सकिन्छ । जबकी यसबेला दीर्घकालीन विकासका कार्यक्रम सरकारको बजेटमै आउन जरूरी छ । सँगै, अरू खेल क्षेत्रलाई पनि ध्यान दिन आवश्यक छ । किनकि खेल क्षेत्रले मुलुकको झण्डा संसारमा चिनाउने मात्रै नभएर मुलुकलाई एकताको सूत्रमा बाँध्दै नागरिक स्वास्थ्यमा ठूलो योगदान गर्छ ।

# नेपाल बिग्रिएको कि सप्रिएको ?

अग्रलेख



● ज्योतिलाल वन

**विगत**

नेपालमा आजभन्दा ६०/६५ वर्ष पहिलेसम्म पनि अधिकांश उर्वरक भूमि बिर्तावाल, जमिन्दार, जिम्वाल, मुखिया, गुठियार र अन्य साहु महाजनहरूको स्वामित्व र नियन्त्रणमा हुन्थ्यो । अन्य सर्वसाधारण जनता यिनका रैती हुन्थे । किसानहरूले भूमिकर, बटैया, ठेक्का आदिको नामबाट उत्पादनको अधिकांश हिस्सा यिनैलाई बुझाउनु पर्थ्यो । गरीब र भूमिहीन किसानहरू प्रायः फागुन, चैतदेखि जेठ, असारसम्म चर्को अनिकालले सताइन्थे ।

अनिकालमा खानका लागि, जोत्ने गोरु तथा अन्य बस्तुभाउ किन्नका लागि, चाडबाड मान्नका लागि, लत्ताकपडा, ओखतीमूलो आदिका लागि सामन्तहरूबाट नगद वा जिनिस ऋण लिन बाध्य हुनुपर्थ्यो । जाली तमसुकको त त्यस समय बिगबिगी नै थियो । भाकामा ऋण तिर्न सकेन भने साहुले ऋणी किसानको बस्तुभाउ जग्गा जमिन जफत गर्थ्यो । यसरी सामन्तहरूले कतिपय ऋणी किसानहरूको उठिबासै लगाउथेँ र कतिपयलाई त आफ्नो बाँधा नै बनाउथेँ । यस्तो चलन पहाड तराई सर्वत्र चलेको थियो । सामन्तहरूले किसानहरूमाथि आर्थिक शोषण गर्ने मात्र होइन अन्य विभिन्न किसिमले सताउँथे ।

जातीय भेदभाव र छुवाछुत चरम रूपमा थियो । शिल्पी (दलित) समुदायका जनतालाई पशुभन्दा पनि चुत्थो व्यवहार गरिन्थ्यो । उनीहरूलाई गैरदलितहरू (खासगरी खस बाहुनहरू)ले पिढी वा बरण्डामा समेत उक्लन दिँदैनथे । दलितसँग गैरदलित छोइयो भने बिटुलो भएको मानिन्थ्यो । दलितसँग छोइएर बिटोलो भएको मानिस कतिपय ठाउँमा शुद्ध पानी वा कतिपय ठाउँमा त सुनपानी छर्किएपछि मात्रै चोखिन्थ्यो । दलित र आदिवासी जनजातिअन्तर्गतका अधिकांश जनताहरू धनीमानीका हली गोठाला, हरुवाचरुवा आदिजस्ता नोकरचाकर भएर बाँधा श्रमिकको रूपमा काम गर्न विवश थिए ।

धेरैजसो श्रमिक महिलाहरू आफ्ना श्रीमानहरूबाट त प्रताडित हुन्थे नै उनीहरूले श्रमदाता बनेका साहुहरूबाट पनि श्रमशोषणमा साथै, यौन दुर्व्यवहार पनि सहनुपर्थ्यो । आम किसान महिलाहरूले बिहान तीन/चार बजेदेखि राती १०/११ बजेसम्म ढिकी जातो, पानी पँधेरो, घाँस दाउरा, घरधन्धा आदिजस्ता श्रममा निरन्तर खट्नु पर्थ्यो । त्यतिले मात्र कहाँ सुख पाइन्थ्यो र, श्रीमान, सासु ससुरा आदिको सेवा पनि उत्तिकै गर्नुपर्थ्यो ।

नेपालमा वि.सं. २०१६ सालमा बिर्ता प्रथा र २०२१ सालमा जमिनदारी तथा जिम्वाल प्रथा खारेज भैसकेको थियो । २०४७ सालमा बहुदलीय प्रजातन्त्र स्थापना भयो । त्यसपछि मौलिक अधिकारहरूलाई विशेष प्राथमिकता दिइएको संविधान जारी गरियो । अधिकारका लागि अन्यायका विरुद्ध आवाज उठाउने संघ, संगठनहरू क्रियाशील हुन थाले । लैङ्गिक तथा जातीय विभेद र सामाजिक कुरीतिविरुद्ध, मानव अधिकार र सामाजिक न्यायका लागि वकालत गर्ने राष्ट्रिय मानव अधिकार आयोगलगायतका विभिन्न निकायहरूको अभियान बढ्न थाल्यो ।

समाजवाद र लोकतन्त्र पक्षधर जनप्रतिनिधिहरूले शोषित उत्पीडित जनताका पक्षमा आवाज उठाउन थाले । यस्ता सवालहरूप्रति सरकारबाट पनि केही सकारात्मक पहलहरू अगाडि बढाइए । २०६२/६३ को ऐतिहासिक जनआन्दोलनपश्चात नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित भएयता यस्ता सवालहरूलाई झन् बढी महत्वकासाथ अगाडी बढाइयो ।

यस्तै, प्रयासहरूको परिणाम २०५७ सालमा कमैया, २०६५ मा हलिया, २०७० मा कमैया प्रथाअन्तर्गतकै कमलहरी र २०७९ मा हरुवाचरुवालाई मुक्तिको घोषणा गरियो । यसबाट नवदासत्वको बन्धमा बाँधिएका कृषि श्रमिकहरूले स्वतन्त्रताको सास फेर्न पाए । अहिले पनि कतै कतै कृषि क्षेत्रमा बाँधा र बाध्यकारी श्रम अवस्था नभेटिने हैन तर, अव कानुनीरूपमै ती प्रथाहरू अवैधानिक भैसकेका छन् ।

यतिबेलासम्म आइपुग्दा विगतका जस्ता क्रूरतम अत्याचारी व्यवहारहरू मध्ययूगीन सामन्ती प्रकारको भेदभाव र शोषण उत्पीडन निकै मत्थर हुन पुगेको अनुभव गर्न सकिन्छ । सतहमा हेर्दा, पितृसत्तात्मक दासतामा बाँधिएका महिलाहरूले पनि एक हदसम्म आर्थिक, सामाजिक र राजनीतिक अधिकारको उपभोग गर्न पाएको अनुभव गर्न नसकिने हैन ।

**वर्तमान**

नेपालमा आजभन्दा दुई दशक पहिलेसम्म पनि कतिपय ग्रामीण क्षेत्रका जनताहरूले एक दिनदेखि एक सातासम्म पैदल हिँडेपछि मात्रै गाडी चढ्न पाउँथे । यो अवस्था ग्रामीण सडक योजना कार्यान्वयनमा नआउँदासम्म अर्थात् लगभग २०६० सालसम्म नै कायम रहेको पाइन्छ । आजकल केही विकट ठाउँहरू बाहेक नेपालको हिमाल पहाड तराईका अधिकांश ठाउँहरूमा सडक यातायात पुगेको छ ।

आजभन्दा लगभग ३० वर्ष पहिलेसम्म नेपालको ग्रामीण क्षेत्रमा मात्र हैन, कतिपय शहरी क्षेत्रहरूमा समेत विद्युतीकरण हुन सकेको थिएन । ग्रामीण क्षेत्रहरूमा रातको अँध्यारोमा उज्यालो पार्न मट्टितेलको लालटिन र टुकी बालेर अझ कतिपय ठाउँमा त मट्टितेलसमेत नपाएर दियालो वा झिक्रा बालेर काम चलाउनु पर्ने अवस्था रहेको थियो । अव अपवादबाहेक त्यस्तो अवस्था छैन । नेपालका लगभग ८५ प्रतिशत जनताले विद्युत सुविधा उपभोग गर्न सकेका छन् । हिमाल, पहाड र तराईका कुनाकन्दरामा समेत अब झिलिमिली बिजुली बत्ती बल्न थालिसकेको छ ।



